*सभाका अध्यक्ष ज्यू,*
*प्रमुख अतिथि,*
*विशिष्ट अतिथि,*
*अतिथि ज्यूहरु,*
*नगरसभाका सदस्यज्यूहरु,*
*पत्रकारज्यूहरु,*
*उपस्थित सबै कर्मचारीहरु ।*

सार्वभौमसत्तासम्पन्न नेपाली जनताले मताधिकार मार्फत दिएको अधिकारलाई प्रयोग गर्दै तीनै तहका प्रतिनिधिहरु आ आफ्नो कार्यक्षेत्रमा संविधानद्वारा प्रदत्त अधिकार र कर्तव्यको पालना गर्ने क्रममा प्रयत्नरत छौं । यसै सन्दर्भमा स्थानीय सरकारको रुपमा स्थापित गौशाला नगरपालिकाको उत्तरोत्तर प्रगति एवं विकासप्रति हामी यहाँका सम्पूर्ण जनप्रतिनिधिहरु लोकतन्त्रलाई सामाजिक जीवनपद्यतिका रुपमा स्थापित गर्ने कुरामा प्रतिबद्ध रहेका छौं ।

**नगरसभासदस्यज्यूहरु,**

चालु आ. व. को कोभिड १९ को संक्रमणका कारण विश्वभरी नैं मानव सभ्यतामाथि मच्चिन गएको खैलाबैलाका बावजुद आज म गौशाला नगरपालिकाको नगर उपप्रमुखको हैसियतले आगामी आ. व. २०७७/०७८ को अनुमानित बजेट यस सम्मानित नगरसभासमक्ष पेश गर्न गईरहेको छु ।

## आ. व. २०७७/०७८ को बजेट अनुमान

१. राजस्व बाँडफाँडतर्फ संघबाट प्राप्त हुने रकम रु. ११ करोड ९८ लाख १३ हजार २ सय ३० र प्रदेशबाट प्राप्त हुने रकम रु १ करोड १५ लाख २७ हजार गरी जम्मा रु १३ करोड १३ लाख ४० हजार २ सय ३०।

२. वित्तीय समानीकरण अनुदानतर्फ संघबाट प्राप्त हुने रु. १६ करोड ७० लाख र प्रदेशबाट प्राप्त हुने रु. ७९ लाख ७३ हजार गरी जम्मा रु. १७ करोड ४९ लाख ७३ हजार ।

३. सशर्त अनुदानतर्फ संघबाट प्राप्त हुने रु. २५ करोड २७ लाख र प्रदेशबाट प्राप्त हुने रु. ८० लाख गरी जम्मा रु. २६ करोड ७ लाख ।

४. विशेष र समपूरक अनुदानतर्फ संघबाट प्राप्त हुने रु. ३ करोड ४ लाख र प्रदेशबाट प्राप्त हुने रु. ५० लाख गरी जम्मा रु. ३ करोड ५४ लाख ।

५. आगामी आ. व. को अनुमानित आन्तरिक स्रोत रु. ५ करोड, अघिल्लो वर्षको अ. ल्या. रु. ७ करोड गरी जम्मा रु १२ करोड ।

६. सामाजिक सुरक्षा कार्यक्रम तर्फ १४ करोड ५० लाख ।

७. **आन्तरिक स्रोत र सबै किसिमका अनुदानहरु, सामाजिक सुरक्षा भत्ताको जोड गर्दा कूल बजेट जम्मा रु. ८६ करोड ७४ लाख १३ हजार २ सय ३० को अनुमान गरिएको छ ।**

**नगरसभा सदस्यज्यूहरु,**

प्रस्तुत गरिएको अनुमानित बजेटले आगामी वर्षमा कोभिड १९ को संक्रमणका कारण समुदायस्तरमा पर्न गएको स्वास्थ्य एवं आर्थिक अवस्थामाथिको नकारात्मक असरलाई न्यूनीकरण गर्नका लागि विशेष जोड दिनेछ । साथै कृषि क्षेत्रको विविधिकरण गर्दै समुदायलाई आत्मनिर्भर बनाउनेतर्फ विशेष पहल गर्ने वचनवद्धता समेत बजेटले आत्मसात गरेको छ ।

**धन्यवाद ।।। जय गौशाला ।।।**